कोशी प्रदेश सरकार

# पर्यटन, वन तथा वातावरण मन्त्रालय

विराटनगर, नेपाल

कोशी प्रदेशको लोगो: कोशी प्रदेश

प.सं. :- ०८२/८३

च.नं. :- १२८८

मिति :- वि.सं. २०८३/०२/०५

ने.स. :- ११४६ अनलाथ्वः,३ मङ्गलवार

<u>विषयः पर्यटन सम्बन्धी लेखन वृत्ति सम्बन्धी सूचना</u>

<u>प्रथम पटक प्रकाशित मिति २०८३।०२।०५</u>

कोशी प्रदेश सरकार, पर्यटन,वन तथा वातावरण मन्त्रालय कोशी प्रदेशको आ व २०८२/८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार यस प्रदेशमा रहेका प्रमुख पर्यटकीय गन्तव्यहरूको बारेमा जानकारीमूलक तथा खोजमूलक लेख रचना तयार गरी पर्यटन क्षेत्रको प्रवर्द्धन, प्रचारप्रसार तथा दस्तावेजीकरण गर्ने उद्देश्यले पर्यटन सम्बन्धी लेखन वृत्ति प्रदान गरिने कार्यक्रम स्वीकृत भएको हुँदा देहाय बमोजिम इच्छुक विद्यार्थीहरूबाट आवेदन आह्वान गरिएको छ।

**१. आवेदन दिन सक्ने योग्यताः**

क. पर्यटनसँग सम्बन्धित क्याम्पसमा स्नातक तह वा स्नातकोत्तर तहको अन्तिम वर्षमा अध्ययनरत विद्यार्थी हुनुपर्ने।

**२. लेखन वृत्तिमा समावेश गरिने संख्याः**

सम्बन्धित क्याम्पसहरुले सिफारिस गरी पठाएका बढीमा १० (दश) जना विद्यार्थीहरूलाई पर्यटन सम्बन्धी लेखन वृत्तिमा समावेश गर्न सकिनेछ।

**३. शोध लेखन सम्बन्धी व्यवस्थाः**

क. कोशी प्रदेशका प्रमुख पर्यटकीय गन्तव्यहरू सम्बन्धी कम्तीमा १०० पृष्ठको खोजमूलक शोध लेखन तयार गर्नुपर्नेछ।

ख. स्वीकृत शोध लेखनका लागि प्रति विद्यार्थी अधिकतम रु. ५०,०००/- (पचास हजार रुपैयाँ) सम्म लेखन वृत्ति प्रदान गरिनेछ।

ग. उक्त रकम विद्यार्थीहरूले यातायात खर्च, भ्रमण खर्च, समूह छलफल (FGD), स्टेशनरी, शोधपत्र छपाइ लगायतका कार्यमा खर्च गर्न सक्नेछन्।

**४. पेश गर्नुपर्ने कागजातहरूः**

क. सम्बन्धित क्याम्पसको सिफारिस पत्र।

ख. अध्ययनरत तह तथा अन्तिम वर्षमा अध्ययनरत रहेको प्रमाण खुल्ने कागजात।

ग. नागरिकताको प्रतिलिपि।

घ. शोध प्रस्ताव (Concept Note)।

ङ. अन्य आवश्यक कागजातहरू (आवश्यकता अनुसार)।

**५. आवेदन पेश गर्ने तरिकाः**

- यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा वा मन्त्रालयको इमेल ठेगानामा इमेलमार्फत आवेदन पेश गर्न सकिनेछ।
- म्याद नाघी वा अपूर्ण कागजात सहित प्राप्त आवेदन उपर कुनै कारवाही गरिने छैन।

**६. भुक्तानी तथा प्रकाशन सम्बन्धी व्यवस्थाः**

क. सम्बन्धित क्याम्पसबाट शोधपत्र स्वीकृत भएपछि १ प्रति शोधपत्र तथा सम्झौता बमोजिमका विल भर्पाई मन्त्रालयमा पेश गरेपछि लेखन वृत्ति भुक्तानी गरिनेछ।

ख. संकलन भएका लेख तथा शोध रचनाहरूलाई मन्त्रालयले पुस्तिकाको रूपमा प्रकाशन गर्न सक्नेछ।

**७. छनोट प्रक्रियाः**

प्राप्त आवेदनहरू मन्त्रालयबाट मूल्यांकन गरी छनोट गरिनेछ। यस सम्बन्धी मन्त्रालयको निर्णय अन्तिम हुनेछ।

**८. सम्पर्क ठेगानाः**

कोशी प्रदेश सरकार

पर्यटन, वन तथा वातावरण मन्त्रालय, पर्यटन महाशाखा

विराटनगर, नेपाल

इमेलः motfe@koshi.gov.np ,kpty२०८२@gmail.com

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Krishna Kumar Neupane
krishnakumarneupane@gmail.com

(कृष्ण कुमार न्यौपाने)

उपसचिव